Fax: 4262744, 4262998
E-mail: rssmail@rss.com.np
rssadm@rss.com.np
acc@rss.com.np

# राष्ट्रिय समाचार समिति
# National News Agency
Central Office

Tele
G.M. :- 4262736
News Sec. :- 4262550
Reporting Sec :- 4262628
Account Sec :- 4262539
Adm. Sec :- 4262724
Computer sec :- 4250673
P.O.Box :- 220

Singhdurbar Plaza
Kathmandu, Nepal

च.नं. ८८/०७७/७८

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

मिति: २०७७।१०।०६

विषय : स्वत: प्रकाशन व्यवस्था सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा नेपालको संविधानमा उल्लेख गरिएको सूचनाको हकसम्बन्धी प्रावधानअन्तर्गत सबै सार्वजनिक निकायले हरेक तीन/तीन महिनामा आ-आफ्ना गतिविधि/कामकारवाही अनिवार्यरूपमा सार्वजनिक गर्नुपर्ने व्यवस्था भएबमोजिम राससमा मिति २०७७ साल कात्तिक, मङ्सिर र पुस महिनामा देहायबमोजिमको कामकाज भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

(उत्तम सिल्वाल)
कार्यकारी व्यवस्थापक
सूचना अधिकारी

## राष्ट्रिय समाचार समिति (रासस)

१. समाचार, फोटो तथा अडियो सामग्री सम्प्रेषणको विवरण

| क्र.सं. | महिना | नेपाली समाचार | अंग्रेजी समाचार | अन्तर्राष्ट्रिय समाचार | फोटो | अडियो | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कात्तिक | २२७१ | ७६१ | २८५ | १८८५ | १६४ | |
| २ | मङ्सिर | २१४८ | ७८९ | २८५ | १९९० | १८० | |
| ३ | पुस | २२५० | ७३२ | २५९ | १८९५ | १७५ | |
| | जम्मा | ६६६९ | २२८२ | ८२९ | ५७७० | ५१९ | |

२. **कोरोना सङ्क्रमणका बावजुद् निर्वाधरूपमा समाचार सेवा सम्प्रेषण गरेको।**

कोरोना भाइरस अर्थात् कोभिड-१९ को विश्वव्यापी महामारीसँगै सरकारद्वारा जारी लकडाउन हटे पनि कोरोना महामारीको सन्त्रास अझै कायम रहेको, राज्य तथा नागरिक समाजका तर्फबाट स्वःस्फूर्तरूपमा काम गर्ने वातावरण नभएको, समग्रमा अतिआवश्यकीय बाहेकका गतिविधि सञ्चालन हुननसकिरहेको र अधिकांश नेपालीले हर्षोल्लासका साथ मनाउने विजया दशमी (बडादशैं), तिहार, छठलगायतका ठूला पर्व यसै अवधिमा परेको अवस्थामा पनि राज्यद्वारा सञ्चालित जिम्मेवार समाचार संस्था (रासस) ले यसअधिका सामान्य दिनहरूमा भन्दा अझ बढी समाचार, फोटो तथा अडियो सङ्कलन, सम्पादन तथा सम्प्रेषण गर्नुपर्ने दायित्व बोध गरी सोहीबमोजिम समाचार, फोटो तथा अडियो सम्प्रेषण गरेको। अत्यन्त प्रतिकूल परिस्थितिका बावजुद् अविच्छिन्न रूपमा सम्प्रेषित समाचार, फोटो तथा अडियो सेवा राससका सेवाग्राहीले प्रयोग गरेको। समग्र आमसञ्चार माध्यमका साथ विशेषगरी राससको समाचार सेवाबाट साना तथा मझौला लगानीका र मोफसलका आमसञ्चार माध्यम लाभान्वित भएको।

३. सुदूरपश्चिम प्रदेश सरकारको सहयोगमा रासस भीमदत्त नगरको नयाँ भवन निर्माणका लागि बोलपत्र आह्वान भएको। रासस केन्द्रीय कार्यालयस्थित पुरानो भवन भत्काएको स्थानमा नयाँ भवन निर्माणको काम धमाधम भइरहेको।

४. प्रयोगविहीन अवस्थामा रहेका राससका दुईवटा पुराना सवारी साधनको लिलाम बिक्री गर्नेक्रममा बोलपत्र आह्वान भएको।

५. केन्द्रीय कार्यालयसहित प्रदेश तथा अन्य कार्यालयका लागि अत्यवश्यक सञ्चार उपकरण खरिद प्रक्रिया अघि बढेको।